AWADHARANA : **अवधारणा**
[ A Peer-Reviewed, Open Access Journal ]
ISSN : 2505-080x (Print)
Volume 7, September 2022
Published by Creative Democrat Academy

# अनुकरण सिद्धान्त र नेपाली साहित्यमा यसको प्रभाव

**यमनाथ तिमिल्सिना**
**सहप्राध्यापक, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा**

*Article History : Submitted 16 June 2022; Reviewed 13 July 2022; Accepted 25 Aug. 2022*
*Author: Yamnath Timilsina Email: yemnathtimilsina@gmail.com*
*DOI: https://doi.org/10.3126/awadharana.v7i1.49334*

**सार**

*प्रस्तुत 'अनुकरण सिद्धान्त र नेपाली साहित्यमा यसको प्रभाव' शीर्षकको आलेख अनुकरण सिद्धान्तको सैद्धान्तिक परिचय दिई नेपाली साहित्यमा यसको प्रभावलाई सिंहावलोकन गर्ने उद्देश्यले तयार गरिएको हो । लेखनका क्रममा पुस्तकालय कार्यको उपयोग गरी सङ्कलन गरिएका सामग्रीहरूको अध्ययन विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ । अनुकरण सिद्धान्तले कला र साहित्यलाई जीवनजगत्को अनुकरण मान्दछ । अनुकरण सिद्धान्तका प्रतिपादक अरस्तुले साहित्य जीवनजगत्को अनुकरण भए पनि कुनै पनि वस्तुको जस्ताको तस्तै रूप उतार्न नसकिने हुनाले वस्तुका विविध रूपको चर्चा गरेका छन् । उनका अनुसार वस्तुका मुख्यतः यथार्थ, आदर्श, प्रतीयमान र सम्भाव्य रूप हुन्छन् । अनुकरण सिद्धान्तकै चर्चा गर्ने क्रममा अरस्तुले वस्तुका वर्तमान यथार्थ रूप र सम्भाव्य रूपको बाहेक अन्य रूपको अनुकरण गर्न नसकिने तर्क अगाडि सारेका छन् । अनुकरण सिद्धान्तले कला र साहित्यलाई समाजको ऐना मान्दछ । नेपाली साहित्यका विविध विधामा प्रत्यक्ष परोक्ष रूपमा अनुकरणको प्रभाव पाइन्छ । खासगरी परिष्कारवादी र यथार्थवादी साहित्यमा अनुकरणको प्रभाव प्रबल देखिन्छ । साहित्यका विभिन्न विधाहरूमध्ये नाटक, कविता, कथा, उपन्यासजस्ता विधामा अनुकरणको प्रधानता पाइन्छ । बालकृष्ण सम, गुरुप्रसाद मैनाली, गोपालप्रसाद रिमाल, रमेश विकल, माधव घिमिरे आदिका रचनामा अनुकरण सिद्धान्तको प्रभाव परे को छ ।*

**मुख्य शब्द/शब्दावली** : अनुकरण सिद्धान्त, काव्यशास्त्र, दर्शन, फोटोग्राफी, मर्मज्ञ ।

## विषय प्रवेश

पूर्वमा संस्कृत र पश्चिममा ग्रिक-ल्याटिन परम्पराबाट मानव सभ्यताको विकास भएको हो । पश्चिमी सभ्यताको विकासमा ग्रिसेली दार्शनिक तथा चिन्तक सुकरात, प्लेटो र अरस्तुको भूमिका महत्त्वपूर्ण रहेको छ । अरस्तु (इ.पू. ३८४-३२२) को जन्म मेसोडोनिया नजिक स्टयागिरा (आधुनिक स्टयाभ्रो) मा भएको थियो । उनी प्रसिद्ध दार्शनिक सुकरात र प्लेटोका चेला थिए । "अरस्तुका साना बाबु मेसिडोनियाका राजा एमिन्तस द्वितीयका शाही चिकित्सक थिए । उनकै प्रभावले अरस्तुले आफ्नो बाल्यावस्थामा विज्ञानसम्बन्धी धेरै ज्ञान प्राप्त गरेका थिए" (शर्मा, २०३०, पृ. क) । उनले आफ्नो जीवनकालको पहिलो महत्त्वपूर्ण समय प्लेटोको शिष्यका रूपमा रही प्लेटोकै 'अकादमी' (एकेडेमी) मा छात्र, अध्यापक र लेखकका रूपमा बिताए । त्यसैले अरस्तुको चेतना र चिन्तनमा गुरु प्लेटोको गहिरो प्रभाव परेको पाइन्छ । दर्शनशास्त्र, काव्यशास्त्र, राजनीतिशास्त्र, आचारशास्त्र, भौतिकशास्त्र, वाग्मिताकला अरस्तुका महत्त्वपूर्ण कृतिहरू हुन् ।

साहित्यको इतिहासमा अरस्तुद्वारा लिखित 'काव्यशास्त्र' (Poetics) निकै चर्चित कृति हो । वासुदेव त्रिपाठीले आफ्नो कृतिमा गीति कविताको उपेक्षा, महाकाव्य र सुखान्तकसम्बन्धी सङ्केत मात्र, दुःखान्तक चर्चाको व्यापकता र त्यसमा पनि दुःखान्तकका कथावस्तु र दुःखान्तक प्रभावसम्बन्धी केन्द्रीयता र अझ यिनै कैयौं चर्चाको पनि अस्पष्ट र साङ्केतिक अवस्था रहेकाले यो अहिले प्राप्त 'काव्यशास्त्र' मूल काव्यशास्त्रको टुटेफुटेको अवशेष हो (त्रिपाठी, २०५८, पृ. ३१) भनेका छन् । खासगरी अरस्तुले प्लेटोका साहित्यसम्बन्धी मर्म र दृष्टिलाई आत्मसात् गर्दै उनीद्वारा सामाजिक, दार्शनिक सन्दर्भमा निन्दित साहित्यलाई गरिमामय स्थान प्रदान गर्ने कार्यमा अतुलनीय योगदान दिएका छन् । धर्मशास्त्र, दर्शनशास्त्र, आचारशास्त्र एवम् राजनीतिशास्त्रले साहित्यमाथि प्रहार गरिरहेको अवस्थामा अरस्तुले साहित्यलाई स्वतन्त्र अस्तित्व प्रदान गर्नु महानतम् उपलब्धि हो । उनले साहित्यको मूल उद्देश्य आनन्द दिनु हो भन्ने सङ्केत गर्दै विशिष्ट आनन्द प्राप्तिलाई साहित्यिक उपलब्धिका रूपमा औंल्याएका छन् । प्लेटोको ज्ञान र दर्शनको उद्देश्य मानव जीवनलाई पुनर्गठन गर्नु थियो भने अरस्तुको धारणा मानव ज्ञानलाई पुनर्गठन गर्नु थियो (सुवेदी, २०५४, पृ. १३) । त्यसैले उनको दृष्टि वैज्ञानिक र प्रयोगशील मानिन्छ । होमर र यासियाडबाट बीजारोपण भएको पाश्चात्य समालोचना परम्परालाई स्थापित गराउने कार्य अरस्तुले गरेका हुन् यद्यपि अरस्तुले पनि आफ्ना गुरु प्लेटो र सुकरातबाट प्रेरणा प्राप्त गरेका थिए । होमरले आन्तरिक प्रतिभाविना अभ्यासले मात्र काव्य सिर्जना हुन नसक्ने तर्क अगाडि सार्दै दैवी शक्तिको प्रेरणाले मात्र कविता सिर्जित हुन्छ भन्ने विचार प्रस्तुत गरेका छन् । दिलविना जन्मेको मानिसमा साहित्यले दिल प्रदान गर्ने होमरको तर्क छ । यति हुँदाहुँदै पनि साहित्यसम्बन्धी औपचारिक सिद्धान्तको प्रथम प्रतिपादक अरस्तु नै मानिन्छन् ।

## समस्या तथा उद्देश्य

प्रस्तुत 'अनुकरण सिद्धान्त र नेपाली साहित्यमा यसको प्रभाव' शीर्षकको प्रस्तुत आलेखमा निम्न समस्या पहिचान गरिएको छ :

(क) अनुकरण सैद्धान्तिक परिचय के कस्तो छ ?

(ख) नेपाली साहित्यमा अनुकरण सिद्धान्तको प्रभाव के-कस्तो रहेको छ ?

उक्त समस्यामा केन्द्रित रही यस आलेखको उद्देश्यलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ :-

(क) अनुकरण सिद्धान्तको सैद्धान्तिक परिचय प्रस्तुत गर्नु,

(ख) नेपाली साहित्यमा अनुकरण सिद्धान्तको प्रभावलाई सिंहावलोकन गर्नु

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन मूलतः गुणात्मक प्रकृतिको छ । अनुकरण सिद्धान्तसम्बन्धी प्रस्तुत भएका विभिन्न धारणा र दृष्टिकोणहरूलाई आलेखमा स्थान दिइएको छ । पुस्तकालय कार्यको उपयोग गरी सङ्कलन गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूको अध्ययन विश्लेषणबाट प्राप्त तथ्यलाई व्यवस्थित रूपमा आलेखमा प्रस्तुत गरिएको छ । लेख तयारीका क्रममा आवश्यक ठाउँ, प्रसङ्ग र सन्दर्भमा पूर्वअध्येताहरूसँग संवाद गर्दै लेखकीय दाबीलाई तर्कले पुष्टि गरिएको छ । नेपाली साहित्यमा अनुकरणको प्रभावलाई व्याख्या विश्लेषण गर्ने सिलसिलामा बालकृष्ण समको *नालापानीमा*, माधवप्रसाद घिमिरेको *वैशाख* र रमेश विकलको *लाहुरी भैंसी* जस्ता रचनालाई प्रतिनिधिमूलक रचनाका रूपमा छनोट गरी निष्कर्षमा पुगिएको छ ।

## अनुकरण सिद्धान्त

'अनुकरण' अङ्ग्रेजी शब्द 'Imitation' को नेपाली अनुवाद हो जसको शाब्दिक अर्थ ' नक्कल' गर्नु भन्ने हुन्छ । ग्रिसेली शब्द 'माइमेसिस' (Mimesis) लाई अङ्ग्रेजीमा 'Imitation' का रूपमा प्रयोग गरिएको पाइन्छ । ग्रिसेली 'माइमेसिस' शब्दले वस्तुको वस्तुतालाई कलाकारले आफ्नो प्रतिभा, सिप र सौन्दर्यले रङ्ग्याएर पुनः सिर्जन गर्नु हो भन्ने तात्पर्यलाई बुझाउँछ । यसले साहित्यिक कृति र अन्य कलाकृति दुबैलाई बुझाउँछ ।

'अनुकरण' शब्दलाई विभिन्न दार्शनिक तथा चिन्तकहरूले आआफ्नै ढङ्गले अर्थ्याएका छन् । होमरले आफ्नो काव्यको 'एस्किलस' नामक पात्रको ढाडमा खेतमा धान रोपिएको चिन्ह अङ्कित गरेको सन्दर्भले कलाले धानबालीको अनुकरण गरेको कुरालाई सङ्केत गरेको छ । त्यस्तै प्लेटोले कला साहित्यलाई जीवनजगत् वा प्रकृतिको अनुकरण मानेका छन् । बुचरले "अनुकरण शब्द एरिस्टोटलले मूलको पुनरूत्पादनको अर्थमा गरेका छन्" भनी यसको व्याख्या गरेका छन्

भने गिलबर्ट मरेले ग्रिक सिद्धान्तमा कवि शब्दमा नै अनुकरणको अर्थ निहित थियो तर यसमा साङ्केतिक उल्लेखको पूर्णतः बहिष्कार गरिएको थिएन भन्ने विचार व्यक्त गरेका छन् । पट्सको विचारमा अनुकरण जीवनका साथसाथै जीवनानुकूल अनुभूतिको पनि पुनः सिर्जना हो, जब कि स्कट जेम्सले यसलाई जीवनको कल्पनात्मक पुनर्निर्माण मानेका छन् (शर्मा, २०३०, पृ. ४९) । नगेन्द्रका अनुसार अरिस्टोटल काव्यलाई प्रकृतिको अनुकरण ठान्दछन् भने पूर्वीय काव्यशास्त्रीहरूले काव्यलाई अन्तरात्माको उन्मेष भनेका छन् ।

अरस्तुका दृष्टिमा कला र साहित्य प्रकृति तथा जीवनजगत्को बाह्य र आन्तरिक पक्षको कल्पनामूलक पुनर्सिर्जन हो र कवि/स्रष्टा यसको सशक्त माध्यम हो भन्ने देखिन्छ । यसबाट कवि कर्ता नभई अनुकर्ता हो भन्ने पनि स्पष्ट हुन्छ । साथै व्यक्ति प्रतिभाको कल्पनाका माध्यमले प्रकृतिको काल्पनिक पुनर्सिर्जना, पुनर्निर्माण वा पुनर्संरचना नै अनुकरण हो भन्न सकिन्छ । अतः 'अनुकरण' पाश्चात्य साहित्य समालोचनाको महत्त्वपूर्ण सिद्धान्तका रूपमा स्थापित छ । साँच्चिकै अनुकरण सिद्धान्त कलाको सार्वभौम चिन्तन तथा अवधारणासँग सम्बन्धित रहेको छ ।

**अनुकरणसम्बन्धी प्लेटोको धारणा**

प्लेटो (इ. पू. ४२७-३४७) आदर्शवादी दार्शनिक एवम् प्रखर चिन्तक हुन् । उनले आफ्नो जीवनकालमा प्रशस्त संवाद ग्रन्थहरू रचना गरेका छन् । उनले रचना गरेका संवाद ग्रन्थहरूमा आयन (Ion), क्रयाटिलस, प्रोटयागोरस, गोर्जियस, सिम्पोजियम, रिपब्लिक, फेड्रस, फिलेवस, लज आदि महत्त्वपूर्ण मानिन्छन् । सुकरातका शिष्य प्लेटोका साहित्य चिन्तनसम्बन्धी विकासक्रमका तीन चरण देखापर्छन् - प्रारम्भिक युवावस्था, अर्धबैंसे अवस्था र वृद्ध अवस्था । यी तीन चरणमध्ये प्रथम चरणमा उनी साहित्यविरूद्ध दर्शनको पक्षमा वकालत गर्दछन् र द्वितीय चरणमा सामाजिक, नैतिक एवम् दार्शनिक परिप्रेक्ष्यमा साहित्यप्रति निकै गम्भीर अभियोगहरू लगाउँछन् अनि तेस्रो चरणमा सम्झौतावादी भई असत् साहित्यका विरूद्ध नै रही सत् साहित्यसम्मलाई सकार्न पुग्दछन् (त्रिपाठी, २०५८, पृ. १५) । प्लेटोका विचारमा परम् सत्य (आदर्श/ब्रह्म) को अनुकरण नै जीवनजगत् हो । जीवनजगत्को अनुकरण कला साहित्य हो तसर्थ कला साहित्य अनुकरणको पनि अनुकरण भएकाले त्यो सत्यको दुई गुणा टाढा हुन्छ । उनले सत्यबाट टाढा रहेको कला साहित्यको कुनै महत्त्व छैन भने का छन् । प्लेटो भौतिक जगत् नै अयथार्थ र मिथ्या हो भन्ने ठान्दछन् । उनका दृष्टिमा वस्तु सत्य हो इन विचार सत्य हो । अतः विचारको अनुकरण जीवनजगत् र जीवनजगत्को अनुकरण कला साहित्य भएकाले यो सत्यबाट दुई गुणा टाढा हुन्छ भन्ने उनको तर्क हो ।

प्लेटोको समयमा साहित्य र कला ह्रासोन्मुख अवस्थामा थिए । पुरानो विचार मान्नेहरू क्षीण हुँदै गएका थिए र नयाँ प्रयोग गर्ने अपरिपक्व थिए । त्यसैले यस बखतका चिन्तकहरूको

प्रमुख उद्देश्य राज्य र व्यक्तिको ह्रासोन्मुख नैतिकताको संरक्षण गर्नु थियो । प्लेटोले समाजलाई यस ह्रासोन्मुख स्थितितिर डोऱ्याउने हरेक कुरालाई प्रहार गरे (सुवेदी, २०५४, पृ. ७) । प्लेटोले साहित्यलाई सत् र असत् साहित्यमा वर्गीकरण गरी सत् साहित्यको आह्वान र असत् साहित्यको भर्त्सना गरेका छन् । साथै उनले सत् साहित्यको रचना गर्ने स्रष्टालाई आफ्नो आदर्श गणराज्यमा स्थान दिने र असत् साहित्यको रचना गर्ने साहित्यकारलाई आदर्श गणराज्यबाट निकाल्नुपर्ने तर्क अगाडि सार्दै प्लेटोले शैक्षिक र दार्शनिक मूल्यको आधारमा काव्यलाई हेरेका छन् । उनका दृष्टिमा प्रायः साहित्य वा काव्य उन्मादका क्षणमा सिर्जित हुन्छ, त्यसले मानव मनका वासनालाई जगाई द्रवीभूत बनाएर एषणालाई मलजल गर्ने काम गर्दछ अनि त्यस्तो काव्यले मान्छेलाई खराब मार्गमा लैजान्छ । यसर्थ त्यस्तो काव्य त्याज्य हुन्छ । जुन साहित्यले मनका विकारहरूलाई साबुनले मयल पखाले झैं पखाल्छ अनि वासना र एषणालाई निस्तेज बनाउँछ त्यस्तो साहित्य सत् साहित्य हो । यस्तो साहित्य नैतिक आदर्शमा आधारित हुने भएकाले यसले मानिसलाई आदर्श मार्गतिर लाग्न प्रेरित गर्दछ ।

यसरी हेर्दा तत्कालीन ग्रीक समाजमा दर्शन, कला, साहित्य, संस्कृति, भाषा आदि विषय क्षेत्रमा केन्द्रित भएर दार्शनिक तथा चिन्तकहरूका बिचमा तर्कपूर्ण संवाद र बहसहरू हुन्थे । तर्कपूर्ण संवाद र बहसकै क्रममा काव्य र दर्शनमा कुन ठुलो भन्ने विषयमा संवाद हुँदा प्लेटोको तर्क थियो कि दार्शनिकले भरपर्दो विवेकी सत्य दिन्छ तब कि कविमा यसको अभाव हुन्छ (अधिकारी, २०६१, पृ. १४९) । प्लेटोले कविलाई दार्शनिकभन्दा निम्न स्थानमा राखेका छन् । त्यस्तै नक्कल गर्ने कलाकारभन्दा कालिगढलाई एक तह माथि राखिएको थियो । प्लेटोका विचारमा कविहरू दैवी प्रेरणाले लेख्तछन् । चिकित्सक र अन्य विशेष कार्य गर्ने व्यक्तिहरू एउटा अभ्यासको आधारले कार्य गर्दछन् तर कविहरूमा एउटा प्रकृति प्रदत्त गुण हुन्छ । उनीहरू त्यसकै आधारले रचना गर्दछन् । यो प्रेरणा अवैज्ञानिक हुन्छ । यो प्रेरणा कारणभन्दा धेरै टाढा हुन्छ (सुवेदी, २०५४, पृ. ८) ।

प्लेटो कला साहित्यका सन्दर्भमा सर्वथा दोषी होइनन्, उनी साहित्यका मर्मज्ञ हुन् । प्लेटोले साहित्यको मर्मलाई निकै बुझेका छन् । यसरी हेर्दा प्लेटोले कला साहित्यको मर्म बुझी जीवन जगत्को अनुकरण कला वा साहित्य हो भनी अनुकरण सिद्धान्तको बीजारोपण गरेको देखिन्छ ।

## अरस्तुको अनुकरण सिद्धान्त

अरस्तु (इ.पू. ३८४-३२२) अनुकरण सिद्धान्तका प्रतिपादक हुन् । उनी वस्तुगत र वैज्ञानिक दृष्टिकोण भएका प्राचीन ग्रिसेली दार्शनिक एवम् यथार्थवादी चिन्तक पनि हुन् । उनले आफ्ना गुरु प्लेटोले कला साहित्यमाथि लगाएका आरोपहरूको घुमाउरो तरिकाले खण्डन गर्दै अनुकरण सिद्धान्तको प्रतिपादन गरेका हुन् । पोइटिक्स (Poetics) र रेटोरिक अरस्तुका प्रमुख समालो

चनात्मक ग्रन्थहरू हुन् । पोइटिक्समा काव्य साधना र सिद्धान्तसम्बन्धी चर्चा गरिएको छ भने रिटोरिकमा दार्शनिक विवेचना गरिएको पाइन्छ । उनको अनुकरण सिद्धान्त कला वा साहित्यको चिन्तन तथा अवधारणासँग सम्बन्धित छ । अरस्तुले अनुकरणका निम्ति माइमेसिस (Mimesis) शब्दको प्रयोग गरेका छन् ।

अरस्तुको अनुकरण एउटा सचेत तथा सिर्जनशील प्रक्रिया हो, जसले वास्तविकतालाई स्पष्ट पार्छ अथवा यसलाई आदर्श बनाउँछ र यसरी सृजित काव्यिक कथासाहित्य प्लेटोले भनेजस्तो वास्तविक वस्तुहरूको छायाँ नभई उच्च वास्तविकताको बिम्ब हो (अधिकारी, २०६१, पृ. १५२) । अरस्तुका दृष्टिमा सम्पूर्ण कला वा साहित्य अनुकरण हो । उनका अनुसार महाकाव्य, त्रासदी (दुःखान्तक) र सुखान्तक अनुकरणका भिन्नभिन्न तरिकाहरू हुन् । यी तिनै तरिका मूलतः माध्यम, वस्तु र तरिकाका पक्षबाट भिन्नभिन्न हुन्छन् । चित्रकारले विभिन्न वस्तुहरूलाई रङ्ग तथा आकारका माध्यमबाट चित्रण गर्छ भने कविताको माध्यम भाषा तथा लय हुन्छ । त्यस्तै महाकाव्यमा कथाको विधि अपनाइन्छ भने नाटकमा वस्तुगत किसिमले अभिनयद्वारा चित्रण गरिन्छ । यसै क्रममा अरस्तुले इतिहास र कविताको पृथकतालाई देखाउँदै भनेका छन् कि इतिहासले घटेका घटनाको वर्णन गर्दछ भने कविताले सम्भाव्य घटनाको सङ्केत गर्दछ ।

खासगरी अरस्तुले आफ्ना कला साहित्य र समालोचनासम्बन्धी धारणाहरूलाई 'काव्यशास्त्र' मा उल्लेख गरेका छन् । अरस्तुद्वारा लिखित 'काव्यशास्त्र' ले साहित्यको महत्ता स्थापित गर्न ठुलो योगदान पुऱ्याएको छ । समालोचक वासुदेव त्रिपाठीका अनुसार 'काव्यशास्त्र' २६ परिच्छेद र ४१ साना पृष्ठमा संरचित छ । यो कृति अरस्तुका प्रवचनको सङ्कलन हो । उनले आफ्ना ग्रन्थको सुरुमा इपिक काव्य, नाटकीय काव्य र गीति काव्य गरी काव्यको विभाजन गरेका छन् भने पहिला तिन परिच्छेदमा अनुकरण (Mimesis) सिद्धान्तको विवेचना प्रस्तुत गरिएको छ । त्यस्तै अर्का दुई परिच्छेदमा काव्यको उत्पत्ति र विकासको चर्चा छ । छैटौंदेखि चौधौं परिच्छेदसम्म दुःखान्त नाटकको चर्चा छ भने पन्ध्रौं परिच्छेदमा पात्र पात्राको चर्चा छ । साथै सत्रौं र अठारौं परिच्छेदमा त्रासदीकारलाई सल्लाह दिइएको छ भने बीसौंदेखि बाइसौं परिच्छेदमा काव्यमा प्रयोग हुने शब्दावली प्रस्तुत गरिएको छ । यसका अतिरिक्त तेइसौंदेखि छब्बीसौं परिच्छेदसम्म इपिक अथवा महाकाव्यको चर्चा गरिएको छ । 'काव्यशास्त्र' को दोस्रो खण्डमा कमेडी र विरेचन सिद्धान्तको चर्चा गरिएको भने तापनि यो खण्ड हराएको आशङ्का गरिएको छ (सुवेदी, २०५४, पृ. १४) । अरस्तुको काव्यशास्त्रका केही सीमाहरू पनि छन् । खासगरी विषयवस्तुको परिचालनमा असङ्गति, गीति काव्यको वर्णन नहुनु, इपिक र कमेडीलाई थोरै स्थान दिनु, त्रासदीलाई बढी महत्त्व दिनु जस्ता सीमाहरू काव्यशास्त्रमा रहेको देखिन्छ ।

'कला वा साहित्य अनुकरणको पनि अनुकरण भएकाले यो सत्यभन्दा दुई गुणा टाढा हुन्छ' भन्ने

प्लेटोको कला वा साहित्यसम्बन्धी मान्यताको खण्डन गर्दै अरस्तुले साहित्य प्रकृतिको अनुकरण हो तर साहित्यकारले प्रकृति जगत्मा रहेका अपूर्णतालाई पूर्णता दिन्छ भन्दै साहित्य सत्यबाट दुई गुणा टाढा नभई अझ भव्यता र पूर्णतातिर जान्छ भन्ने मत राखेका छन् । उनका दृष्टिमा विशिष्ट व्यक्तिका माध्यमद्वारा सार्वभौमिकताको सिद्धि नै काव्यको लक्ष्य हो । काव्यको स्वरूप इतिहासभन्दा भव्यत्तर तथा उच्चत्तर हुन्छ । काव्यको आत्मा नै अनुकरण हो । वस्तु, मूर्ति, चित्र, सङ्गीत र साहित्य अनुकरण नै हुन् भन्ने अरस्तुको धारणा छ। अरस्तुको मान्यतामा अन्ततः प्रकृतिको अनुकरण गर्नु साहित्यको मूल धर्म हो भन्ने देखिन्छ। यो वस्तु वा प्रकृति बाह्य प्रकृति मात्र होइन भन्ने कुरा स्वतः स्पष्ट छ। मान्छेलाई उसका क्रियाशीलतामा (चरित्र, संवेग र कार्यका सन्दर्भमा) अनुकरण गर्नुको तात्पर्य अरस्तुको प्रकृति जीवनका सर्वाङ्गताका रूपमा देखापर्छ । अतएव बाह्य र आन्तरिक दुवै प्रकारको जीवनको अनुकरण नै 'प्रकृतिको अनुकरण' को खास तात्पर्य निक्लन्छ (त्रिपाठी, २०५८, पृ. ४२) । कला वा साहित्यमा वस्तुताको उपस्थिति, व्यक्ति प्रतिभाको सिर्जनधर्मिता, वैयक्तिकता र निजात्मकताको सन्निवेश छ भन्ने देखिन्छ । कला प्रकृतिको वस्तुपरक अनुकरण र आत्मपरक अनुकरण दुवैमा प्रकट हुन्छ तापनि उत्कृष्ट कलाका निम्ति वस्तुपरकताका सापेक्षतामा आत्मपरकता ज्यादा हुनुपर्ने कुरामा यिनको जोड रहेको छ । अरस्तुले भनेको आत्मपरकता हामीले बुझ्ने व्यक्ति प्रतिभा हो । त्यही प्रतिभाले प्रकृतिको अनुकरण गर्दा प्रकृतिमा देखिएका अभावलाई पूर्ण गरी कलालाई अझ भव्य र उत्कृष्ट पार्न सक्दछ । आफ्ना गुरु प्लेटोले 'अनुकरण' को वास्तविक अर्थ र मर्म नबुझेको सङ्केत गर्दै अरस्तुले अनुकरणको वास्तविक अर्थ त पुनः सिर्जना, रूपान्तरण र पुनरुत्थान हो भन्दछन् अर्थात् अनुकरणले उक्त तिन कार्य गर्दछन् भन्ने उनको दृष्टिकोण छ । यसप्रकार अरस्तुको अनुकरण सिद्धान्तले वस्तु वा प्रकृतिको शुद्ध स्वरूपलाई मात्र अनुकरण नमानेर भावनामय तथा कल्पनामय अनुकरणलाई मानेको छ (गुप्त, सन् २००१, पृ. २६२) । अरस्तुका विचारमा अनुकरणको अभिप्राय केवल प्रकृतिको यथार्थ रूपको अनुकरण होइन बरु कवि कलाकारको आन्तरिक प्रदर्शन तथा खोज पनि हो । प्रकृतिमा रहेका अपूर्णतालाई अनुकरणका माध्यमले पूर्णता प्रदान गर्नु कलाको धर्म हो भन्ने उनको तर्क रहेको छ । प्रकृतिको अनुकरणले वस्तुको यथार्थ अङ्कनमा मात्र नभएर कलाकारको अन्तरात्माको सिर्जनात्मक स्पर्श र प्रभावको अपेक्षा राख्दछ ।

अरस्तुले आफ्ना गुरु प्लेटोले साहित्य वा कलामाथि लगाएका आक्षेपको जवाफ दिने क्रममा प्लेटोको दार्शनिक धरातलमा टेकेर अनुकरण सिद्धान्तको प्रतिपादन गरेका हुन् । अरस्तुका अनुसार कला साहित्य भनेको अनुकरण त हो तर कुनै वस्तुको पनि जस्ताको तस्तै रूप उतार्न सकिंदैन भन्दै उनले वस्तुका विविध रूपलाई प्रस्तुत गरेका छन् :

### *वस्तुको यथार्थ रूप*

कुनै पनि वस्तुको बाह्य रूपमा देखिने दृश्य रूपलाई यथार्थ रूप भनिन्छ । यथार्थ रूपका पनि

अतीत यथार्थ र वर्तमान थयार्थ गरी दुई रूप हुन्छन् । वस्तु जस्तो थियो त्यो त्यसको अतीत रूप हो भने वस्तुको अहिले देखिने रूप वर्तमान रूप हो । अरस्तुका दृष्टिमा कला वा साहित्यमा वस्तुको अतीत यथार्थको अनुकरण गर्न सकिंदैन केवल वर्तमान यथार्थको मात्र अनुकरण गर्न सकिन्छ ।

***वस्तुको आदर्श रूप***

वस्तुको आदर्श रूपले वस्तु यस्तो छ भन्नुभन्दा पनि वस्तु यस्तो हुनुपर्छ भन्ने काल्पनिक रूपलाई सङ्केत गर्दछ । अरस्तुका अनुसार वस्तुको यस्तो काल्पनिक रूपलाई कला वा साहित्यमा अनुकरण गर्न सकिंदैन भन्ने हो ।

***वस्तुको प्रतीयमान रूप***

एउटा वस्तुले अर्कै वस्तुको प्रतीति हुने अवस्था वस्तुको प्रतीयमान रूप हो । डोरीलाई सर्पको प्रतीक मानी प्रतिक्रिया जनाउनु प्रतीयमान रूपको प्रभाव हो । कुनै पनि वस्तुको प्रतीयमान रूपलाई वास्तविक वस्तुका रूपमा अनुकरण गर्न नसकिने अरस्तुको धारणा छ ।

***वस्तुको सम्भाव्य रूप***

यथार्थका आधारमा वस्तुको कल्पना गरिने रूपलाई सम्भाव्य रूप भनिन्छ । कवि कलाकारले वस्तुको सम्भाव्य रूपको अनुकरण गर्न सक्दछ भन्ने अरस्तुको मत रहेको छ । यस्तो खालको अनुकरणमा कवि कलाकारको द्रष्टा शक्ति झल्किन्छ । यसले प्रकृतिका यथार्थलाई कलाका माध्यमले पुनर्सिर्जन गरी अनुकरण गर्दछ भन्ने अरस्तुको निष्कर्ष छ ।

यसरी अरस्तुले वस्तुका विविध रूपको चर्चा गर्दै वस्तुको वर्तमान यथार्थ रूप र सम्भाव्य रूपको बाहेक अन्य रूपको अनुकरण गर्न नसकिने तर्क अगाडि सारेका छन् । उनले अनुकर्ताको उद्देश्यमाथि प्रकाश पार्दै कवि कलाकारले जीवनजगत् वा प्रकृतिमा भएको अपूर्णतालाई पूर्णता प्रदान गर्दछ भनेका छन् । अतः कला साहित्यले प्लेटोले भने झैं व्यक्ति मनका उन्माद र मनोविकारहरूलाई मलजल गर्ने होइन बरू तिनीहरूलाई पखाल्न मद्दत गर्दछ भनी अरस्तुले बताएका छन् । अरस्तुका दृष्टिमा अनुकरण भनेको प्रकृतिको पुनःसिर्जन वा रूपान्तरण हो र यसले सामाजिक आवश्यकता पूर्ति गर्न ठुलो मद्दत गर्दछ ।

## अनुकरण सिद्धान्तका शक्ति र सीमा

अरस्तुका दृष्टिमा कला वा साहित्य प्रकृति तथा जीवन जगत्को बाह्य र आन्तरिक पक्षको पुनर्सिर्जना वा पुनःसंरचना हो । स्रष्टा यसको सशक्त माध्यम एवम् अनुकर्ता हो । प्रकृतिको अनुकरण नै कला वा साहित्य भएकाले अनुकरण सिद्धान्तले वैयक्तिक आग्रह तथा आवेगको पोखाइलाई अस्वीकार

गर्दछ । यसले वस्तुलाई नै जोड दिन्छ र कल्पनालाई आंशिक रूपमा स्वीकार गर्दछ । यद्यपि यो सिद्धान्त कोरा कल्पना र भावुकताको विपक्षमा रहेको छ । त्यस्तै वस्तुपरक सौन्दर्य सृष्टिका उचाइमा विश्वास गर्ने परिष्कारवादी (कलासिकल : शास्त्रीय) साहित्य कलाको प्रथम तथा केन्द्रीय सिद्धान्त हुनु अनुकरण सिद्धान्तको शक्ति हो (त्रिपाठी, २०५८, पृ. ४८) । कला साहित्यको शास्त्रीयतावादी व्याख्याका निम्ति यो सिद्धान्त अत्यन्त सार्थक रहेको छ । यस सिद्धान्तले कला वा साहित्यमा व्यक्ति स्रष्टाको निजी वैयक्तिकतालाई निषेध गर्दछ । यसले वस्तुताविहीन आत्मपरक अनुकरणमा विश्वास नगर्नुका साथै प्रत्येक कलाको उद्देश्य व्यक्ति प्रतिभाका माध्यमले प्रकृतिको पुनर्सिर्जन गर्नु हो । यो यथार्थबाट दुई गुणा टाढा होइन त्यसको नजिक हुन्छ भन्ने मान्यता राख्दछ । चित्रकार वा अन्य कुनै कलाकार जस्तै कवि पनि अनुकर्ता हो र कला वा साहित्य प्रकृतिको अनुकृति हो । कलाले प्रकृतिमा रहेका अपूर्णतालाई पुनर्सिर्जन गरी पूर्णता प्रदान गर्दछ । यस सिद्धान्तले महाकाव्य, त्रासदी, सुखान्तक, कला, गीत, सङ्गीत आदिलाई अनुकरणकै प्रकार मान्दछ । इतिहासकारले घटित भइसकेको कुराको वर्णन गर्दछ भने कविले घटित हुन सक्ने कुराको वर्णन गर्दछ भन्ने मान्यता यस सिद्धान्तले राख्दछ । यसर्थ परम्परादेखि नै चर्चित सिद्धान्तका रूपमा स्थापित यो सिद्धान्त वस्तुपरक र वैज्ञानिक सिद्धान्त मानिन्छ ।

यति हुँदाहुँदै पनि अनुकरण सिद्धान्तका केही सीमाहरू रहेका छन् । खासगरी अनुकरणभित्र स्वच्छन्दतावादी वैयक्तिक आत्माभिव्यञ्जनाको प्राचुर्य अटाउँदैन (त्रिपाठी, २०५८, पृ. ४८) यसका साथै यसले गीति साहित्य र लोकसाहित्यप्रति उचित न्याय गर्न सकेको छैन । यसले कला साहित्यलाई कठोर शास्त्रीय नीति र रीतिमा बाँध्ने प्रयास गरेको छ । अरस्तुको ‘काव्यशास्त्र’ का लेखक नगेन्द्रले अरस्तुको अनुकरणमा ज्यादाभन्दा ज्यादा क्लासिकल कलाको वस्तुपरक भावतत्त्वकै मात्र स्वीकृति रही रोमान्टिक कलाको आत्मपरक भावतत्त्वप्रति न्याय हुन नसकेको अनुभव गर्छन् (त्रिपाठी, २०५८, पृ. ४४) । कवि तथा कलाकारको अन्तश्चेतनालाई उचित स्थान दिन नसक्नु यस सिद्धान्तको मुख्य कमजोरी हो । यसले स्वच्छन्दतावादी आत्मपरक सिर्जनालाई स्थान नदिएर केवल वस्तुपरक भावतत्त्वमा जोड दिएको छ ।

## नेपाली साहित्यमा अनुकरणको प्रभाव

साहित्य समाजको ऐना हो । प्रकृति वा समाजको प्रतिकृति साहित्यमा देखिन्छ । अतः साहित्य जीवनजगत् वा प्रकृतिको अनुकरण हो । नेपाली साहित्यमा पनि अनुकरणको प्रभाव परेको पाइन्छ । आखिर साहित्यकार पनि सामाजिक प्राणी भएको नाताले उसका सिर्जनामा समाज वा प्रकृतिको प्रभाव पर्नु स्वाभाविक नै हो । समाज वा प्रकृतिभन्दा पर गएर कोरा कल्पना र भावनाका आधारमा सिर्जना गरिएको साहित्यको सामाजिक उपादेयता पनि हुँदैन । वास्तवमा कला कलाका लागि नभएर जीवनका लागि हुनुपर्छ । अरस्तुद्वारा प्रतिपादित अनुकरण सिद्धान्तले पनि कला वा साहित्यको यही अभिप्रायलाई सङ्केत गर्दछ ।

नेपाली साहित्य त्यसमा पनि खासगरी परिष्कारवादी/शास्त्रीयतावादी तथा यथार्थवादी साहित्य लेखनमा अनुकरणको प्रभाव पाउन सकिन्छ । नेपाली साहित्यका विभिन्न विधाहरूमध्ये नाटक, कविता/काव्य, कथा, उपन्यासजस्ता विधामा यसको प्रभाव देखिन्छ । नाटकका क्षेत्रमा बालकृष्ण सम, गोपालप्रसाद रिमाल, भीमनिधि तिवारी, विजय मल्ल लगायतका नाटककारका नाटकमा कुनै न कुनै रूपमा अनुकरणको प्रभाव परेको छ । बालकृष्ण समका *मुटुको व्यथा, मुकुन्द इन्दिरा, प्रेमपिण्ड, भीमसेनको अन्त्य, नालापानीमा*जस्ता नाट्यकृति, गोपालप्रसाद रिमालका *यो प्रेम !, मसान*जस्ता नाट्य कृति तथा *प्रति, आमाको सपना*जस्ता काव्य कृतिमा अनुकरणको प्रभाव पाइन्छ । उदाहरणका लागि '*नालापानीमा*' नाटकको एउटा अंशलाई यसरी देखाउन सकिन्छ :

आगलागी निभाउनु पऱ्यो उठ चाँडै आइ हाल दौडेर,
स्वतन्त्र भै माथि झन्डा फर्फर गर्दै थियो,
त्यसको मुनि हाम्रो तिहुन गुदगुद पाक्तै थियो,
अकस्मात्मा बिजुलीले आगो सल्काइ दियो ।

'नालापानीमा' नाटकबाट, (पराजुली र अन्य, २०६७, पृ.१६७)

त्यस्तै भीमनिधि तिवारीका *सहनशीला सुशीला, पुतली, किसान, नैनीका राम* जस्ता नाट्यकृति तथा विजयमल्लको '*बौलाहा काजीको सपना*' नाटकमा पनि अनुकरणको प्रभाव परेको छ । यसका साथै सोमनाथ सिग्देल, बालकृष्ण सम, लेखनाथ पौड्याल, माधवप्रसाद घिमिरेका काव्यकृतिहरूमा प्रकृति वा जीवनजगत्को अनुकरणको प्रशस्त छनक पाइन्छ । प्रकृतिको अनुकरण गरिएको एउटा उदाहरणलाई घिमिरेको '*वैशाख*' कविताबाट यसरी प्रस्तुत गर्न सकिन्छ :

डाँडाकाँडा चहुर हरिया देखिए पालुवाले
बोकी ल्यायो बकुल वनको वास मीठो हवाले
डाकी मौरी मधुर रसमा लेक पाक्यो गुहेंली
गोठालाले वन वन डुली हाल्न थाल्यो सुसेली ।

'वैशाख' कविताबाट, (पौडेल र न्यौपाने, २०६२, पृ.५१)

यसरी माधवप्रसाद घिमिरेका *वैशाख, गौरी, राष्ट्रनिर्माता, पापिनी आमा*जस्ता काव्यकृति तथा लेखनाथ पौड्यालका *ऋतुविचार, पिँजडाको सुगा, चरिको विलाप, तरुणतपसी*जस्ता काव्यकृतिमा प्रकृतिको अनुकरणलाई महत्त्व दिइएको छ । आख्यान विधाअन्तर्गत खासगरी कथा विधामा जीवनजगत्को अनुकरणलाई मूल्य दिएर कथा रचना गर्ने कथाकारहरूमा गुरुप्रसाद मैनाली, र

मेश विकल महत्त्वपूर्ण मानिन्छन् भने उपन्यासका क्षेत्रमा लैनसिंह बाङ्देल, लीलबहादुर क्षेत्री, हृदयचन्द्रसिंह प्रधान आदिको भूमिका रहेको पाइन्छ । गुरुप्रसाद मैनालीका *नासो, कर्तव्य, छिमेकी,* रमेश विकलका *लाहुरी भैंसी, अविरल बग्दछ इन्द्रावती, सिंगारी बाख्रो, सुनौली, सागर उर्लन्छ सगरमाथा छुन, बिरानो देशमा, नयाँ सडकको गीत* लगायतका आख्यानात्मक कृतिहरूमा समाज अनुकरणका झिल्काहरू भेटिन्छन् । रमेश विकलको '*लाहुरी भैंसी*' कथाको एउटा उदाहरण हेरौं :

'लुखुऱ्या' घराँ त निकै रमझम देखिन्छ नि ? आँगनाँ पनि निकै मान्छे झ्याम्मिएका छन् ।' द्वारेबाले आँगनको डिलबाट नियालेर हेरे, लुखुरेको आँगनमा एउटा कालो वस्तु पनि देखिन्थ्यो । 'क्या हो त्यो, लुखुरेको आँगनाँ ?' 'लाहुरी भैंसी' कथाबाट, (लामिछाने र लामिछाने, २०७२, पृ.१२६)

त्यस्तै उपन्यासकार लैनसिंह बाङ्देलका *मुलुकबाहिर, माइतघर,* लीलबहादुर क्षेत्रीको बसाइँ, हृदयचन्द्रसिंह प्रधानको *एक चिहान* उपन्यासमा पनि सामाजिक जीवन एवम् प्रकृतिको अनुकरण गरिएका प्रशस्त उदाहरणहरू पाइन्छन् । नेपाली साहित्यमा मात्र नभएर समालोचनाका क्षेत्रमा पनि अनुकरण सिद्धान्तको प्रभाव रहेको छ । खासगरी वासुदेव त्रिपाठी, मोहनराज शर्मा, कृष्णचन्द्रसिंह प्रधान, ईश्वर बराल, तारानाथ शर्मा, खगेन्द्रप्रसाद लुइटेल, दुर्गाप्रसाद भण्डारी लगायतका समालोचकहरूमा यो प्रवृत्ति देखिन्छ । अनुकरण सिद्धान्तको प्रत्यक्ष प्रभाव साहित्य समालोचनाका केही वाद तथा प्रणालीमा पनि परेको छ । परिष्कारवाद, यथार्थवादजस्ता साहित्यिक सिद्धान्त र नीतिपरक एवम् समाजपरक समालोचना प्रणालीमा अनुकरण सिद्धान्तको प्रभाव भेटिन्छ । यहाँ नेपाली साहित्यमा अनुकरणको प्रभावलाई  सामान्य सङ्केत गर्ने प्रयास मात्र गरिएको छ। यसका बारेमा थप गहन अध्ययन गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

## निष्कर्ष

प्लेटोले कला साहित्यप्रति नैतिक दृष्टिले लगाएका आक्षेपको खण्डन गर्दै कला साहित्यलाई नैतिकताका दृष्टिले मात्र नहेरेर कलाकै मापदण्डका आधारमा हेर्नुपर्ने मान्यतालाई स्थापित गरी कला साहित्यप्रति ठुलो गुन लगाउने काम अरस्तुले गरेका छन् । प्लेटोद्वारा अनुकरणको पनि अनुकरण भनिएको साहित्यलाई जीवनजगत्को यथार्थताको कलात्मक अनुकरणका तहमा ल्याउने कार्य अरस्तुबाट भएको हो । उनका दृष्टिमा कला वा साहित्यको मूल धर्म नै आनन्द प्रदान गर्नु भएकाले उनले विशिष्ट आनन्दलाई साहित्यिक उपलब्धिका रूपमा औंल्याएका छन् । प्लेटोको फोटोग्राफीरूपी अनुकरणका विपरीत अरस्तुले अनुकरणमा स्रष्टाको भावना, कल्पना र प्रतिभा मिसिएको हुन्छ जसले सिर्जनात्मक पुनर्निर्माण गर्छ भन्ने मान्यतालाई अगाडि सारेका छन् । यसका अतिरिक्त कला साहित्यका माध्यमबाट स्रष्टाले प्रकृति र जीवनजगत्मा देखिएका अभावको समेत पूर्ति गर्दछ भन्दै उनले स्रष्टाको महत्त्व, क्षमता र गरिमालाई स्थापित गरेका छन् । प्लेटोको आदर्श गणराज्यबाट कवि तथा कलाकारलाई निकाला गरिनुपर्छ भनिरहेको सन्दर्भमा साहित्यकारले यथार्थमा भइरहेको भन्दा झन सुन्दर, भव्य र उच्चस्तरको साहित्य रचना गरेर समाज रूपान्तरणको अभियानमा ठुलो गुन लगाउँछ भन्ने दृष्टिकोणलाई अरस्तुले अगाडि सारे । यसर्थ अरस्तु पाश्चात्य साहित्य समालो

चनाका मात्र होइनन् विश्वसाहित्यकै मर्मज्ञ र सम्मानित व्यक्तित्व ठहर्छन् ।

हुन त आजसम्म आइपुग्दा साहित्य र समालोचनाका क्षेत्रमा नितान्त नवीन वाद र प्रणालीहरू विकसित भएका छन् । साहित्य र समालोचनालाई हेर्ने दृष्टिकोणमा पनि नवीनता र विविधता देखिन्छ । बहुआयामिक कोणबाट साहित्य समालोचनालाई हेर्न थालिएको छ । वर्तमान विश्व साहित्यमा उत्तरआधुनिकताको प्रभाव देखिन्छ । यसो भन्दैमा पुराना साहित्यिक सिद्धान्तको अवमूल्यन गर्न मिल्दैन । विगतले नै वर्तमानलाई बुझेर भविष्यमा अगाडि बढ्न प्रेरणा प्रदान गर्दछ । पछिल्लो समयमा विकसित भएका परिष्कारवाद, यथार्थवाद, नीतिपरक समालोचना र समाजपरक समालो चना प्रणालीमा अनुकरण सिद्धान्तको प्रत्यक्ष प्रभाव देखिन्छ भने अन्य कतिपय वाद तथा प्रणालीमा पनि अनुकरण सिद्धान्तको परोक्ष प्रभाव परेकै छ । नेपाली साहित्यका गद्य, पद्य र नाट्य विधामा पनि अनुकरणको प्रभाव देख्न सकिन्छ । खासगरी परिष्कारवादी र यथार्थवादी साहित्य सिद्धान्तलाई आत्मसात् गरी कलम चलाउने बालकृष्ण सम, लेखनाथ पौड्याल, गुरुप्रसाद मैनाली, भीमनिधि तिवारी, रमेश विकल, माधव घिमिरे आदिका काव्य कृतिहरूमा अनुकरणको प्रत्यक्ष प्रभाव देखिन्छ । यति भएर पनि कवि तथा कलाकारको अन्तश्चेतनालाई उचित स्थान दिन नसक्नु अनुकरण सिद्धान्तको मुख्य सीमा रहेको छ । तापनि विश्व साहित्य एवम् नेपाली साहित्य र समालोचनाका क्षेत्रमा अनुकरण सिद्धान्तले पुऱ्याएको योगदानलाई उच्च मूल्याङ्कन गर्न सकिन्छ ।

## सन्दर्भसूची

अधिकारी, इन्द्रविलास (२०६१), *पश्चिमी साहित्य सिद्धान्त,* ललितपुर : साझा प्रकाशन ।

उप्रेती, सञ्जीव(२०६९), *सिद्धान्तका कुरा,* काठमाडौं : अक्षर क्रियसन्स नेपाल ।

गुप्त, रामनिवास (सन् २००१), *काव्यशास्त्र के मानदण्ड,* नयी दिल्ली : वाणी प्रकाशन ।

गौतम, कृष्ण (२०५०),*आधुनिक आलोचना अनेक रूप, अनेक पठन,* काठमाडौं : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५८), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १,* ललितपुर : साझा प्रकाशन ।

पराजुली, ठाकुर र अन्य (२०६७), *सबैको नेपाली,* ललितपुर : साझा प्रकाशन ।

पौडेल, हेमनाथ र न्यौपाने, श्रीराम (२०६२), *नेपाली कविता र काव्य,* काठमाडौं : पैरवी प्रकाशन ।

लामिछाने, यादवप्रकाश र लामिछाने, गीता (२०७२), *नेपाली कथा र उपन्यास,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५४), *समसामयिक समालोचना : सिद्धान्त र प्रयोग,* काठमाडौं : साझा प्रकाशन ।

शर्मा, लीलाप्रसाद (२०३०), *एरिस्टोटलको काव्यशास्त्र,* काठमाडौं : साझा प्रकाशन ।

सुवेदी, अभि (२०५४), *पाश्चात्य काव्य सिद्धान्त,* काठमाडौं : साझा प्रकाशन ।

Tilak, R.K. (1995). *The theory of criticism*, Patna : Shree Mandir Publishing House.